Govt. Regd. No. 201/2065
PAN: 304314825
SWC Regd. No. 26044/2065

न्यायकोलागि द्वन्द्वपीडित समाज, नेपाल

# न्यायका लागि द्वन्द्वपीडित समाज-नेपाल

CONFLICT VICTIMS' SOCIETY FOR JUSTICE-NEPAL

*(Conflict victims' movement for truth and justice)*

## प्रेस वक्तव्य

## बेपत्ता पारिएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवसका अवसरमा

**३० अगस्ट २०२६**

बेपत्ता पारिएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवसका अवसरमा न्यायका लागि द्वन्द्वपीडित समाज (CVSJ-Nepal) सशस्त्र द्वन्द्वका क्रममा जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिहरू तथा उनीहरूका परिवारप्रति ऐक्यबद्धता व्यक्त गर्दछ । आफ्ना प्रियजनको अवस्थाबारे सत्यतथ्य जानकारी पाउन नसकी वर्षौंदेखि पीडा, अनिश्चितता र न्यायको प्रतीक्षामा रहेका परिवारहरूको संघर्षप्रति हामी सम्मान व्यक्त गर्दछौं । बेपत्ता पारिएका व्यक्तिहरूको बारेमा सत्यतथ्य पत्ता लगाउने, उनीहरुको अवस्था सार्वजनिक गर्ने, र परिवारलाई न्याय तथा परिपूरण प्रदान गर्ने राज्यको दायित्व हो ।

नेपालमा सशस्त्र द्वन्द्व समाप्त भएको दुई दशकसम्म पनि जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक हुन नसक्नु, घटनाको प्रभावकारी अनुसन्धान नहुनु र पीडित परिवारले न्यायको अनुभूति गर्न नपाउनु गम्भीर चिन्ताको विषय हो। संक्रमणकालीन न्याय प्रक्रियामा भएको ढिलाइले पीडित तथा परिवारको पीडा थप गहिरिएको छ । "सत्य, न्याय, परिपूरण र पुनः नदोहोरिने सुनिश्चितता पीडितहरूको मौलिक अधिकार हो । संक्रमणकालीन न्यायको नाममा दण्डहीनतालाई संस्थागत गर्ने वा पीडितको अधिकारलाई कमजोर बनाउने कुनै पनि व्यवस्था स्वीकार्य हुन सक्दैन" न्यायका लागि द्वन्द्वपीडित समाजकी अध्यक्ष रमिला देवी ध्वजु जोशी ।

यस अवसरमा CVSJ-Nepal, सरकार, राजनीतिक दल, सम्बन्धित संवैधानिक तथा न्यायिक निकाय र संक्रमणकालीन न्यायका संयन्त्रहरूलाई पीडितहरूको आवाज र अधिकारलाई केन्द्रमा राखी विश्वसनीय, पारदर्शी, पीडितमैत्री र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डअनुरूप प्रक्रिया अघि बढाउन आग्रह गर्दछ । विशेषगरी बेपत्ता पारिएका व्यक्तिहरूको वास्तविक अवस्था र सत्यतथ्य तत्काल सार्वजनिक गर्न, गम्भीर मानव अधिकार उल्लङ्घनका घटनामा प्रभावकारी अनुसन्धान र अभियोजन सुनिश्चित गर्न तथा पीडित र परिवारलाई अर्थपूर्ण सहभागिता र न्यायको अधिकार सुनिश्चित गर्न राज्यसँग जोडदार माग गर्दछ।

देब बहादुर महर्जन

महासचिव

न्यायका लागि द्वन्द्वपीडित समाज

केन्द्रिय कार्यालय: घर नं. ६४४/२ निलसरस्वती मार्ग, लाजिम्पाट काठमाडौं, नेपाल
पो.ब.नं ६९२६, फोन: ९७७-०१-४००३५५५, इमेल: conflictvictimsociety@gmail.com